# साविक पशु विकास फार्म जिरी हाल गाई आनुवंशिक स्रोत केन्द्र जिरी दोलखाको नाममा तथा भोगचलनमा रहको जग्गा अतिक्रमण भएको भन्ने विषयमा प्राप्त उजुरीको छानविन प्रतिवेदन

## १. छानबीन टोलीको गठन

साविक पशु विकास फार्म जिरी हाल गाई आनुवंशिक स्रोत केन्द्र जिरी , दोलखाको नाममा तथा भोगचलनमा रहको जग्गा अतिक्रमण भएको भन्ने विषयमा प्राप्त उजुरीको छानवीन गर्न केन्द्रको मिति २०७८।१।१७ को निर्णयानुसार छानवीन समिति गठन गरिएको।

## २. छानबिनको कार्यक्षेत्र

साविक जिरी बहुमुखी विकास योजना कृषि फारम / पशु विकास फार्म, जिरी हाल गाई आनुवंशिक स्रोत केन्द्र जिरीको नाममा तथा भोगचलनमा रहेको हालको दोलखा जिल्ला जिरी नगरपालिका (साविक जिरी, माली र श्यामा गाउँ विकास समिति ), रामेछाप जिल्लाको गोकुलगंगा गाउँपालिका (साविक चुचुरे गाउँ विकास समिति)र उमाकुण्ड गाउँपालिका (साविक वाम्ती गाउँ विकास समिति वडा नं. ३) स्थित जग्गाको अवस्थाको अध्ययन।

## ३. उजुरीको संक्षिप्त ब्यहोरा

जिल्ला दोलखा साविक पशु विकास फार्म, जिरी हाल गाई आनुवंशिक स्रोत केन्द्र, जिरीको नाममा तथा भोगचलनमा हालको दोलखा जिल्ला जिरी नगरपालिका (साविक जिरी, माली र श्यामा गाउँ विकास समिति) र रामेछाप जिल्ला गोकुलगंगा गाउँपालिका (साविकचुचुरे गाउँ विकास समिति ) मा हजारौं रोपनी जग्गा रहेको। जग्गाको उचित सदुपयोग र व्यवस्थापन हुन नसक्दा जग्गा अतिक्रमण हुँदै गएको। साविक माली गाउँ विकास समितिमा रहेको जग्गाको सम्बन्धमा भूमाफियाको तर्फबाट अदालतमा पेश भएको मुद्दाको तामेली म्याद गुजारी जग्गाको स्वामित्व टेक बहादुर गुरुङको नाममा जान कर्मचारीहरुको मिलोमतो रहेको। कर्मचारीहरुले दलाल तथा भूमाफियाहरु संग मिली सरकारी सम्पत्तिको क्षति तथा अपचलन गर्न सहयोग गरेको।

## ४. छानबिनको विधि

यस केन्द्रमा प्राप्त उजुरी ,सोही विषयमा मालपोत कार्यालय दोलखाका मालपोत अधिकृत भोलानाथ घिमिरेको संयोजकत्वमा गठित समितिको प्रतिवेदन , गाई आनुवंशिक स्रोत केन्द्र , जिरीबाट प्राप्त कागजातहरुको अध्ययन,दोलखा जिल्ला साविक जिरी र श्यामा गाउँ विकास समिति , रामेछाप जिल्ला

साविक चुचुरे र वाम्ती गाउँ विकास समिति स्थित जग्गाको स्थलगत निरीक्षण , सम्बन्धित कर्मचारी र स्थानीयहरु संग सोधपुछ तथा छलफल।

## ५. छानबिनबाट पाइएको तथ्यहरु

५.१ साविक जिरी गाउँ विकास समिति स्थित जग्गा साविक पशु विकास फार्मको नाममा दर्ता भएको।

५.२ गाई आनुवंशिक स्रोत केन्द्रको स्वामित्वमा रहेको जिरी स्थित माछापोखरी मिति २०७१।०५।०४ को सम्झौता अनुसार जिरी नगरपालिका वडा नं .५, दोलखा(साविक जिरी गाउँ विकास समिति वडा नं . ७ ) का बावुराजा श्रेष्ठलाई ६ आर्थिक वर्षको लागि भाडामा लगाइएकोमासम्झौताको म्याद आर्थिक वर्ष २०७६ /०७७ मा समाप्त भई स्रोत केन्द्रबाट पोखरी हस्तान्तरण गर्न पत्र संख्या २०७६ /०७७ चलानी नं. २०६ मिति २०७७।३।२९ को पत्रबाट जानकारी गराइएकोमा हालसम्म हस्तान्तरण नगरेको।

५.३ दोलखा जिल्लाको साविक माली र श्यामा गाउँ विकास समिति स्थित जग्गा साविक पशु विकास फार्मको नाममा नापनक्सा भई फिल्ड बुक कायम भई दर्ता हुन बाँकी देखिएको। गाई आनुवंशिक स्रोत केन्द्रले दावी गर्दै आएको साविक माली गाउँ विकास समिति वडा नं . १ स्थित केही जग्गा व्यक्तिहरुको नाममा नाप नक्शा भएको। व्यक्तिका नाममा नापनक्शा भएको जग्गामध्ये केही जग्गा व्यक्तिको नाममा दर्ता भएको , केही जग्गा दर्ता गराउन सम्बन्धित व्यक्तिहरुले प्रयास गरिरहेको मालपोत कार्यालय, दोलखाबाट गठित प्रतिवेदनबाट समेत बुझिएको। दर्ता हुन बाँकी साविक माली गाउँ विकास समिति वडा नं.१ को केही जग्गा सम्बन्धी मुद्दा अदालतमा विचाराधीन रहेको। विवादित जग्गा बुद्ध भुवनेश्वरी मा .वि. ले भोगचलन गरेको , व्यक्तिगत घर टहरार खेलमैदान निर्माण भएको। स्थानीयहरुले खेतीपाती गरिरहेको बुझिएको।

५.४ जिल्ला दोलखा साविक श्यामा गाउँ विकास समिति वडा नं . ५ (हाल जिरी नगरपालिका वडा नं.१) स्थित पशु विकास फार्मको नाममा नापनक्सा भई दर्ता बाँकी रहेको जग्गामा गर्ज्याङ ढुंगा माध्यामिक विद्यालयको भवन र खेलमैदान रहेको, जिरी नगरपालिकाको१ नं. वडा कार्यालयको भवन, स्वीमिङ पुल , स्टोन पार्क निर्माण गरिएको , व्यक्तिगत घरहरु समेत निर्माण भई बस्ती बसेको देखिएको।

५.५ जिल्ला रामेछाप साविक चुचुरे गाउँ विकास समिति हाल गोकुलगंगा गाउँपालिका वडा नं .१ स्थित गाई आनुवंशिक स्रोत केन्द्र (साविक पशु विकास फार्म ) ले विगतदेखि भोगचलन गर्दै आइरहेकोजग्गाको नापनक्शा गर्न छुट भएको। हाल उक्त जग्गाको केही भागमा गाई आनुवंशिक स्रोत केन्द्रले गाई प्रजनन केन्द्र सञ्चालन गरिरहेको ,विगतमा गाई आनुवंशिक स्रोत केन्द्रले भोगचलन गरिरहेको उक्त जग्गामा हालगर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडको २ .८३ मेगावाट क्षमताको चाकेखोला जलविद्युत आयोजना र हिमालयन उर्जा विकास कम्पनीको ७ मेगावाटको माथिल्लो खिम्ती २ आयोजनाको पावर हाउस, जट्टेश्वरी माध्यामिक विद्यालय, निजी घर टहराहरुसमेत निर्माण भई बस्ती र बजार बसेको।

**गोकुलगंगा गाउँपालिका वडा नं १ साविक चुचुरे गाउँ विकास समिति स्थित गाई आनुवंशिक स्रोत केन्द्रको गाई प्रजनन केन्द्रको भवन र परिसर**



५.६ जिल्ला रामेछाप साविक वाम्ती गाउँ विकास समिति वडा नं . ३ हाल उमाकुण्ड गाउँपालिका वडा नं. २ स्थित सिट नं. ३क कित्ता नं. ८२ क्षेत्रफल ५४ रोपनी ८ आना १ दाम भएको साविक जिरी बहुमुखी विकास योजना कृषि फारमको नाममा दर्ता स्रेस्ता भएको जग्गा श्री ५ को सरकारको मिति २०४४।५।२५ को निर्णय र मालपोत कार्यालय , रामेछापको मिसिल नं . ९१ मिति ०५५।८६ को आदेशानुसार सिद्धेश्वर मा.वि. ले उपभोग गर्ने गरी गाउँ विकास समितिको कार्यालय , वाम्तीलाई जिम्मा दिने निर्णय भएको। उक्त जग्गा साविक गाउँ विकास समितिको कार्यालय ,वाम्ती र हाल सिद्देश्वर माद्यामिक विद्यालयबाट विद्यालयलाई सहयोग स्वरुप केही रकम संकलन गरी घडेरी बनाउन दिएको। उक्त जग्गामा हाल १५० भन्दा बढी व्यक्तिगत घर टहराहरु निर्माण भएको। यसरी

निर्माण भएका संरचनाहरु अनौपचारिक रुपमा एक व्यक्तिबाट अर्को व्यक्तिमा किनबेच समेत हुने गरेको स्थानीयहरुबाट बुझिएको।

**उमाकुण्ड गाउँपालिका वडा नं २ वाम्ती स्थित जिरी बहुमुखी विकास योजना कृषि फारमको नाममा दर्ता भई सिद्देश्वर मावि. लाई भोगाधिकार दिइएको जग्गामा निर्मित निजी भवनहरु**



## ६. निष्कर्ष

६.१ दोलखा जिल्ला साविक माली र श्यामा गाउँ विकास समिति स्थित जग्गा साविक पशु विकास फार्मको नाममा नापनक्सा भई फिल्ड बुक कायम भई दर्ता हुन बाँकी देखिएकोजग्गा अतिक्रमण भएको देखिएको।

६.२ रामेछाप जिल्ला साविक चुचुरे गाउँ विकास समिति हाल गोकुलगंगा गाउँपालिका वडा नं. १,गर्जाङ स्थितसाविक पशु विकास फार्म (हाल गाई आनुवंशिक स्रोत केन्द्र )ले भोगचलन गरिरहेको जग्गा उक्त

फर्मको नाममा नापी हुन छुट भएको , उक्त जग्गाको केही भाग अतिक्रमण भई व्यक्तिगत तथा सार्वजनिक संरचना बनाइएको।

६.३ रामेछाप जिल्ला साविक वाम्ती गाउँ विकास समिति वडा नं . ३ हाल उमाकुण्ड गाउँपालिका वडा नं. २ स्थित सिट नं. ३ क कित्ता नं. ८२ क्षेत्रफल ५४ रोपनी ८ आना १ दाम भएको साविक जिरी बहुमुखी विकास योजना कृषि फारमको नाममा दर्ता स्रेस्ता भई श्री ५ को सरकारको मिति २०४४।५।२५ को निर्णय र मालपोत कार्यालय , रामेछापको मिसिल नं . ९१ मिति ०५५।८६ को आदेशानुसार सिद्धेश्वर मा.वि. ले उपभोग गर्ने गरी गाउँ विकास समितिको कार्यालय , वाम्तीलाई जिम्मा दिने निर्णय भएको जग्गा भोगाधिकारको उद्देश्य विपरीत प्रयोग भएको पाइएको।

**७. राय/सुझावहरु**

साविक जिरी बहुमुखी विकास योजना कृषि फारम / पशु विकास फार्म , जिरीको भोगचलन / स्वामित्वमा रहेको जग्गा एकीन गरी संरक्षण गर्न देहायका निकायहरुलाई देहायबमोजिम निर्देशन दिन उपयुक्त हुने देखिन्छ:

७.१ जिरी ५ , दोलखाका वावुराज श्रेष्ठलाई भाडामा लगाइएको जिरी स्थित माछा पोखरी भाडाको सम्झौताको म्याद समाप्त भै सकेको ,फर्म परिसरभित्र माछा पोखरी जैविक सुरक्षाको दृष्टिकोणले समेत उपयुक्त नहुने , गाई आनुवंशिक स्रोत केन्द्रको पत्र संख्या २०७६ /०७७ चलानी नं . २०६ मिति २०७७।३।२९ को पत्रबाट सम्झौताको म्याद थप नगरिने र तिर्नु बुझाउनु पर्ने राजस्व बुझाई पोखरी हस्तान्तरण गर्न लिखित जानकारी गराइएकोमा हालसम्म पनि हस्तान्तरण गरेको नपाइएकोले तिर्नु बुझाउनु पर्ने राजस्व बुझाई अविलम्ब पोखरी हस्तान्तरण गर्न ताकेता गर्न र हस्तान्तरण गर्न अटेर गरेमा स्थानीय प्रशासनको सहयोग लिई हस्तान्तरण गर्न गराउन गाई आनुवंशिक स्रोत केन्द्रलाई निर्देशन दिने।

७.२ दोलखा जिल्लासाविक माली र श्यामा गाउँ विकास समिति स्थित साविक पशु विकास फार्मको नाममा नापनक्सा भई फिल्ड बुक कायम भएको तर दर्ता हुन बाँकी देखिएकोजग्गा अविलम्ब दर्ता गर्न गराउन गाई आनुवंशिक स्रोत केन्द्र , जिरी र मालपोत कार्यालय , दोलखालाई निर्देशन दिने।स्थानीय तह र स्थानीय प्रशासनको सहयोग आवश्यक पर्ने भए सो समेत लिई अतिक्रमण हटाई सदुपयोग गर्न गराउन गाई आनुवंशिक स्रोत केन्द्र, जिरीलाई निर्देशन दिने।

७.३ रामेछाप जिल्ला साविक चुचुरे गाउँ विकास समिति हाल गोकुलगंगा गाउँपालिका वडा नं . १ , गर्जाङमा गाई आनुवंशिक स्रोत केन्द्रले गाई प्रजनन केन्द्र सञ्चालन गरिरहेको। गाई आनुवंशिक स्रोत केन्द्र (साविक पशु विकास फार्म) ले विगतदेखि भोगचलन गर्दै आएको उक्त स्थानको जग्गाको नापनक्शा

गर्न नैं छुट हुन गएको , गर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडको २ .८३ मेगावाट क्षमताको चाकेखोला जलविद्युत आयोजना र हिमालयन उर्जा विकास कम्पनीको ७ मेगावाटको माथिल्लो खिम्ती २ आयोजनाको पावर हाउस निर्माण भएको , जट्टेश्वरी माध्यामिक विद्यालय सञ्चालनमा रहेको ,निजी घर टहराहरु समेत निर्माण भई बस्ती र बजार बसेको देखिएको उक्त जग्गा गाई आनुवंशिक स्रोत केन्द्र (साविक पशु विकास फार्म) जिरी ले अन्दाजी वि.सं. २०१८ सालदेखि भोगचलन गर्दै आइरहेको र वि.सं. २०३१ सालमा नापनक्सा हुँदा छुट हुन गएको ३५ हेक्टर जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जाका लागि आवश्यक पहल गरी पाउँ भनी २०१७ साल असोज ५ गते तयार भएको चौहद्दी खुल्ने कागजात राखी माग गरेको सन्दर्भमा उक्त साविक प्रमाणको मूल्यांकन गरी सो चौहद्दी खुल्ने कागजले भिड्ने जति जग्गा गाई आनुवंशिक स्रोत केन्द्रको नाममा नापनक्सा गरी जग्गाधनी प्रमाणपूर्जा उपलव्ध गराउन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई निर्देशन दिने।

७.४ रामेछाप जिल्ला साविक वाम्ती गाउँ विकास समिति वडा नं . ३ हाल उमाकुण्ड गाउँपालिका वडा नं. २ स्थित सिट नं. ३ क कित्ता नं. ८२ क्षेत्रफल ५४ रोपनी ८ आना १ दाम भएको साविक जिरी बहुमुखी विकास योजना कृषि फारमको नाममा दर्ता स्रेस्ता भई श्री ५ को सरकारको मिति २०४४।५।२५ को निर्णय र मालपोत कार्यालय , रामेछापको मिसिल नं. ९१ मिति ०५५।८६ को आदेशानुसार सिद्धेश्वर मा.वि. ले उपभोग गर्ने गरी गाउँ विकास समितिको कार्यालय , वाम्तीलाई जिम्मा दिने निर्णय भएको जग्गा उक्त विद्यालयले आफूले भोगचलन नगरी वस्ती र बजार बसाउन घडेरी बनाई वितरण गरेको र यसबाट विद्यालयलाई दिइएको भोगाधिकारको दुरुपयोग भएको देखिएको हुँदा उक्त स्थानमा निर्मित व्यक्तिगत घर टहराहरु हटाउन जिल्ला प्रशासन कार्यालय , रामेछाप , उमाकुण्ड गाउँपालिका रामेछाप र सिद्देश्वर मा.वि. वाम्तीलाई निर्देशन दिने।

७.५ साविक जिरी बहुमुखी विकास योजनाकृषि फारम / पशु विकास फारम जिरी हाल गाई आनुवंशिक स्रोत केन्द्रको दोलखा जिल्लाको जिरी नगरपालिका , रामेछाप जिल्लाको गोकुलगंगा र र उमाकुण्ड गाउँपालिकामा रहेको जग्गा संरक्षणका लागि आवश्यक सहयोग तथा समन्वयका लागि जिल्ला प्रशासन कार्यालय, दोलखा र रामेछापलाई निर्देशन दिने।

७.६ अदालतमा विचाराधिन रहेको मुद्दा सम्बन्धमा उपलव्ध तथ्य प्रमाण प्रस्तुत गरी सक्रियता पूर्वक प्रतिरक्षा गर्न गाई आनुवंशिक स्रोत केन्द्र, जिरीलाई निर्देशन दिने।

७.७ रामेछाप जिल्ला साविक वाम्ती गाउँ विकास समिति वडा नं . ३ हाल उमाकुण्ड गाउँपालिका वडा नं. २ स्थित सिट नं. ३क कित्ता नं. ८२ क्षेत्रफल ५४ रोपनी ८ आना १ दाम भएको साविक जिरी बहुमुखी विकास योजना कृषि फारमको नाममा दर्ता स्रेस्ता भई श्री ५ को सरकारको मिति

२०४४।५।२५ को निर्णय र मालपोत कार्यालय , रामेछापको मिसिल नं . ९१ मिति ०५५।८६ को आदेशानुसार सिद्धेश्वर मा .वि. ले उपभोग गर्ने गरी गाउँ विकास समितिको कार्यालय , वाम्तीलाई जिम्मा दिने निर्णय भएको जग्गाको हकमासिद्धेश्वर मा .वि. वाम्तीले आफै भोगचलन गरेको नदेखिएको , वस्ती र बजार बसाउन घडेरी बनाई वितरण गर्ने कार्यमा साविक गाउँ विकास समितिको कार्यालय , वाम्ती र सिद्देश्वर मा .वि. वाम्तीको समेत संलग्नता रहेको स्थानीयहरुसंग सोधपुछ गर्दा बुझिएको , यसबाट विद्यालयलाई दिइएको भोगाधिकारको दुरुपयोग भएको देखिएको हुँदा यस विषयमा विस्तृत अनुसन्धानका लागि सम्मानीत अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउन उपयुक्त हुने।

**संलग्न कागजातहरु**

१. मालपोत कार्यालय, दोलखाका मालपोत अधिकृत श्री भोलानाथ घिमिरेको संयोजकत्वमा गठित छानवीन समितिको प्रतिवेदन थान १ पाना संख्या २१
२. गाई आनुवंशिक स्रोत केन्द्रबाट प्राप्त जग्गा सम्बन्धी विवरण पाना संख्या ६
३. २०१७ साल असोज ५ गते रोज ३ मा लेखिएको चौहद्दी कागजको प्रतिलिपी पाना संख्या १२
४. गाई आनुवंशिक स्रोत केन्द्र, जिरी, दोलखाको पत्र संख्या २०७८/०७९ चलानी नं. ०८ मिति २०७८।०४।१४ को पत्र पाना १
५. जिरी बहुमुखी विकास योजना कृषि फारमको नाममा दर्ता स्रेस्ता रहेको रामेछाप जिल्ला साविक वाम्ती गाउँ विकास समिति वडा नं. ३ स्थित सिट नं. ३क कित्ता नं. ८२ को जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी पाना संख्या १

## राष्ट्रिय सतर्कता केन्द्रको मिति २०७८/०४/२८ को निर्णयः

क. जिरी ५ , दोलखाका वावुराज श्रेष्ठलाई भाडामा लगाइएको जिरी स्थित माछा पोखरी भाडाको सम्झौताको म्याद समाप्त भै सकेको, फर्म परिसरभित्र माछा पोखरी जैविक सुरक्षाको दृष्टिकोणले समेत उपयुक्त नहुने, गाई आनुवंशिक स्रोत केन्द्रको पत्र संख्या २०७६ /०७७ चलानी नं . २०६ मिति २०७७।३।२९ को पत्रबाट सम्झौताको म्याद थप नगरिने र तिर्नु बुझाउनु पर्ने राजस्व बुझाई पोखरी हस्तान्तरण गर्न लिखित जानकारी गराइएकोमा हालसम्म पनि हस्तान्तरण गरेको नपाइएकोले तिर्नु बुझाउनु पर्ने राजस्व बुझाई अविलम्ब पोखरी हस्तान्तरण गर्न ताकेता गर्न र हस्तान्तरण गर्न अटेर गरेमा स्थानीय प्रशासनको सहयोग लिई हस्तान्तरण गर्न गराउन गाई आनुवंशिक स्रोत केन्द्रलाई निर्देशन दिने।

ख. दोलखा जिल्ला साविक माली र श्यामा गाउँ विकास समिति स्थित साविक पशु विकास फार्मको नाममा नापनक्सा भई फिल्ड बुक कायम भएको तर दर्ता हुन बाँकी देखिएकोजग्गा अविलम्ब दर्ता गर्न गराउन गाई आनुवंशिक स्रोत केन्द्र , जिरी र मालपोत कार्यालय , दोलखालाई निर्देशन दिने। स्थानीय तह र स्थानीय प्रशासनको सहयोग आवश्यक पर्ने भए सो समेत लिई अतिक्रमण हटाई सदुपयोग गर्न गराउन गाई आनुवंशिक स्रोत केन्द्र, जिरीलाई निर्देशन दिने।

ग. रामेछाप जिल्ला साविक चुचुरे गाउँ विकास समिति हाल गोकुलगंगा गाउँपालिका वडा नं. १, गर्जाङमा गाई आनुवंशिक स्रोत केन्द्रले गाई प्रजनन केन्द्र सञ्चालन गरिरहेको। गाई आनुवंशिक स्रोत केन्द्र (साविक पशु विकास फार्म) ले विगतदेखि भोगचलन गर्दै आएको उक्त स्थानको जग्गाको नापनक्शा गर्न नैं छुट हुन गएको , गर्जाङ उपत्यका हाइड्रोपावर लिमिटेडको २ .८३ मेगावाट क्षमताको चाकेखोला जलविद्युत आयोजना र हिमालयन उर्जा विकास कम्पनीको ७ मेगावाटको माथिल्लो खिम्ती २ आयोजनाको पावर हाउस निर्माण भएको , जट्टेश्वरी माध्यामिक विद्यालय सञ्चालनमा रहेको , निजी घर टहराहरु समेत निर्माण भई बस्ती र बजार बसेको देखिएको उक्त जग्गा गाई आनुवंशिक स्रोत केन्द्र (साविक पशु विकास फार्म ) जिरी ले अन्दाजी वि .सं. २०१८ सालदेखि भोगचलन गर्दै आइरहेको र वि.सं. २०३१ सालमा नाप/नक्सा हुँदा छुट हुन गएको ३५ हेक्टर जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जाका लागि आवश्यक पहल गरी पाउँ भनी २०१७ साल असोज ५ गते तयार भएको चौहद्दी खुल्ने कागजात राखी माग गरेको सन्दर्भमा उक्त साविक जग्गा प्रमाणको मूल्यांकन गरी सो चौहद्दी खुल्ने कागजले भिड्ने जति जग्गा गाई आनुवंशिक स्रोत केन्द्रको नाममा नापनक्सा गरी जग्गाधनी प्रमाण पूर्जा उपलव्ध गराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा आवश्यक समन्वयको लागि भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई निर्देशन दिने।

घ. रामेछाप जिल्ला साविक वाम्ती गाउँ विकास समिति वडा नं. ३ हाल उमाकुण्ड गाउँपालिका वडा नं. २ स्थित सिट नं. ३ क कित्ता नं. ८२ क्षेत्रफल ५४ रोपनी ८ आना १ दाम भएको साविक जिरी बहुमुखी विकास योजना कृषि फारमको नाममा दर्ता स्रेस्ता भई तत्कालिन श्री ५ को सरकारको मिति २०४४।५।२५ को निर्णय र मालपोत कार्यालय, रामेछापको मिसिल नं. ९१ मिति ०५५।८६ को आदेशानुसार सिद्धेश्वर मा.वि. ले उपभोग गर्ने गरी गाउँ विकास समितिको कार्यालय, वाम्तीलाई जिम्मा दिने निर्णय भएको जग्गा उक्त विद्यालयले आफूले भोगचलन नगरी वस्ती र बजार बसाउन घडेरी बनाई वितरण गरेको र यसबाट विद्यालयलाई दिइएको भोगाधिकारको दुरुपयोग भएको देखिएको हुँदा उक्त स्थानमा निर्मित व्यक्तिगत घर टहराहरु हटाउन जिल्ला प्रशासन कार्यालय , रामेछाप, उमाकुण्ड गाउँपालिका रामेछाप र सिद्देश्वर मा.वि. वाम्तीलाई निर्देशन दिने।

ङ. साविक जिरी बहुमुखी विकास योजना कृषि फारम/पशु विकास फारम जिरी हाल गाई आनुवंशिक स्रोत केन्द्रको दोलखा जिल्लाको जिरी नगरपालिका , रामेछाप जिल्लाको गोकुलगंगा र उमाकुण्ड

गाउँपालिकामा रहेको जग्गा संरक्षणका लागि आवश्यक सहयोग तथा समन्वयका लागि जिल्ला प्रशासन कार्यालय, दोलखा र रामेछापलाई निर्देशन दिने।

च. अदालतमा विचाराधिन रहेको मुद्दा सम्बन्धमा उपलव्ध तथ्य प्रमाण प्रस्तुत गरी सक्रियता पूर्वक प्रतिरक्षा गर्न गाई आनुवंशिक स्रोत केन्द्र, जिरीलाई निर्देशन दिने।

छ. रामेछाप जिल्ला साविक वाम्ती गाउँ विकास समिति वडा नं . ३ हाल उमाकुण्ड गाउँपालिका वडा नं . २ स्थित सिट नं. ३ क कित्ता नं . ८२ क्षेत्रफल ५४ रोपनी ८ आना १ दाम भएको साविक जिरी बहुमुखी विकास योजना कृषि फारमको नाममा दर्ता स्रेस्ता भई तत्कालीन श्री ५ को सरकारको मिति २०४४।५।२५ को निर्णय र मालपोत कार्यालय, रामेछापको मिसिल नं. ९१ मिति ०५५।८६ को आदेशानुसार सिद्धेश्वर मा.वि. ले उपभोग गर्ने गरी गाउँ विकास समितिको कार्यालय, वाम्तीलाई जिम्मा दिने निर्णय भएको जग्गाको हकमासिद्धेश्वर मा .वि. वाम्तीले आफै भोगचलन गरेको नदेखिएको, वस्ती र बजार बसाउन घडेरी बनाई वितरण गर्ने कार्यमा साविक गाउँ विकास समितिको कार्यालय , वाम्ती र सिद्देश्वर मा .वि. वाम्तीको समेत संलग्नता रहेको स्थानीयहरुसँग सोधपुछ गर्दा बुझिएको , यसबाट विद्यालयलाई दिइएको भोगाधिकारको दुरुपयोग भएको देखिएको हुँदा यस विषयमा विस्तृत अनुसन्धानका लागि हाल सम्मको छानबिनको क्रममा प्राप्त प्रमाण एवं जानकारी संलग्न गरी सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउने उपयुक्त हुने।